सिक्किम र असमबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

०३ सेप्टेम्बर, २०२४ www.hamroprajashakti.com ★ TUESDAY, 03 SEPTEMBER 2024, GANGTOK मूल्य ₹ ५/-

## साहित्य अकादमी नयाँ दिल्ली अनि नेसासको आयोजना दुई दिवसीय संगोष्ठी सम्पन्न



**दार्जीलिङ, २ सेप्टेम्बर।** साहित्य सम्मेलन, दार्जीलिङ र साहित्य अकादेमी, दिल्लीको संयुक्त तत्त्वावधानमा ३१ अगस्त र १ सेप्टेम्बरको दिन सम्मेलनको सुधापा सभागृहमा उद्घाटन सत्र साहित्य सम्मेलनका वर्तमान अध्यक्ष डा. चन्द्रकुमार राईको अध्यक्षतामा सम्पन्न भयो। साहित्य अकादेमीका सचिव डा. के. श्रीनिवासराव अस्वस्थको कारणले अनुपस्थित रहे तापनि उनको शुभ सन्देश पत्र अकादेमीका प्रतिनिधि उप सचिव डा. एन. सुरेश बाबुले आफ्नो स्वागत भाषणको क्रममा उक्त सन्देश पत्र पठन गरी अवगत गराए। त्यसपछि, नेपाली भाषा परामर्श समिति, साहित्य अकादेमीका सदस्य तथा सम्मेलनका पूर्व अध्यक्ष प्रेम प्रधानबाट उद्घाटन भाषण प्रस्तुत भयो। नेपाली भाषा परामर्श समितिका संयोजक शंकरदेव ढकालको अनुपस्थितिमा उनका प्रतिनिधि अनिता गिरीबाट बीज भाषण स्वरूप सारगर्भित मन्तव्य प्रस्तुत गरे। त्यसपछि, उद्घाटन सत्राध्यक्षले गत वर्षहरूमा सम्पन्न गरिएका संगोष्ठीहरूभन्दा यसपटकको संगोष्ठीको छुट्टै विशेषता रहेको छ, कारण सम्मेलनको शतवार्षिकी समारोहको क्रमागत कार्यक्रम भएकाले यो ऐतिहासिक भएको छ भने दुवै दिन प्रस्तुत हुने कार्यपत्र साहित्य सम्मेलनसित सम्बन्धित भएको हुनाले पनि यो संगोष्ठी ऐतिहासिक भएको छ भन्दै साहित्य अकादेमी अनि उपस्थित महानुभावहरूप्रति आभार अभिनन्दन टक्र्याए। अन्त्यमा, मूल सचिव महेन्द्रकुमार प्रधानले धन्यवाद ज्ञापन गरेपछि उद्घाटन सत्र समापन भयो।

मध्याह्न भोजन सेवनपछि २ बजेदेखि ४ बजेसम्म साहित्यकार तथा सम्मेलनका पूर्व अध्यक्ष हरेन आलेको अध्यक्षतामा संगोष्ठीको प्रथम सत्र आरम्भ भयो। प्रथम प्रस्तोता डा. महेश प्रधानले कविता साहित्यमा नेपाली साहित्य सम्मेलनको योगदान विषयमा कार्यपत्र प्रस्तुत गरे भने दोस्रो प्रस्तोता डा. मुक्तराज दियालीले नेपाली लघुकथामा नेपाली साहित्य सम्मेलनको योगदान विषयमा कार्यपत्र प्रस्तुत गरे। तेस्रो प्रस्तोता डा. नीना राईले नेपाली नाटक साहित्यमा नेपाली साहित्य सम्मेलनको योगदान विषयमा कार्यपत्र प्रस्तुत गरे भने साहित्यकार तथा साहित्य सम्मेलनका पूर्व अध्यक्ष लक्ष्मण राई 'दुमी'-ले दियालोमा प्रकाशित कथा, कविता र नाटकहरू विषयमा कार्यपत्र प्रस्तुत गरे। अन्त्यमा, सत्राध्यक्ष हरेन आलेले प्रस्तुत गरिएका कार्यपत्रहरूबारे संक्षेपमा समीक्षात्मक मन्तव्य प्रस्तुत गरी प्रस्तोताहरूलाई आभार व्यक्त गर्दै प्रथम सत्र समापनको घोषणा गरे।

दोस्रो दिनको द्वितीय सत्रमा साहित्यकार नन्द हाङ्खिमको अध्यक्षतामा प्रा. कुशल घिमिरेले निबन्ध साहित्यमा नेपाली साहित्य सम्मेलनको योगदान विषयमा कार्यपत्र प्रस्तुत गरे भने डा. योगेश खातीले जन लेखन र नेपाली साहित्य सम्मेलन विषयमा कार्यपत्र प्रस्तुत गरे। अन्त्यमा, सत्राध्यक्षबाट दुवै प्रस्तोताका विषयमा संक्षेपमा मन्तव्य प्रस्तुत गर्दै आभार व्यक्त गरी द्वितीय सत्र समापन भएको

▶ बाँकी पाना २-मा

## साहित्य अकादमी नयाँ दिल्ली...

घोषणा गरे।

तृतीय सत्र मध्याह्न १२ बजेदेखि अपराह्न १.३० बजेसम्म साहित्यकार एम पथिकको अध्यक्षतामा साहित्यकार तथा सम्मेलनका पूर्व उपाध्यक्ष डा. गीता हाङ्खिमले भाषिक अध्ययन र नेपाली साहित्य सम्मेलन विषयमा कार्यपत्र प्रस्तुत गरे भने साहित्यकार तथा साहित्य सुधी परिवारका अध्यक्ष राजबहादुर राईले नेपाली भाषाको आन्दोलनमा नेपाली साहित्य सम्मेलनको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गरे। नेपाली भाषा परामर्श समिति, साहित्य अकादेमी दिल्लीका पूर्व संयोजक तथा साहित्य सम्मेलनका पूर्व अध्यक्ष डा. जीवन नामदुङले साहित्य अकादेमी र नेपाली साहित्य सम्मेलनको साहित्यिक सहकार्यको अर्द्ध शताब्दी विषयमा ऐतिहासिक तथ्याङ्कहरूसमेत शोधपूर्ण तथा सूचनात्मक कार्यपत्र प्रस्तुत गरे। अन्त्यमा, सत्राध्यक्षबाट प्रस्तुत गरिएका कार्यपत्रहरूबारे संक्षेपमा मन्तव्य राख्दै आभार व्यक्त गरी तृतीय सत्र समापन भएको घोषणा गरे। भोजन सेवनपछि चतुर्थ सत्र अपराह्न २.३० बजेदेखि ४ बजेसम्म साहित्यकार तथा साहित्य सम्मेलनका पूर्व अध्यक्ष सतीश रसाइलीको अध्यक्षतामा सम्मेलनका उपाध्यक्ष डा. गीता छेत्रीले नारी सर्जकहरू र नेपाली साहित्य सम्मेलन विषयमा कार्यपत्र प्रस्तुत गरे भने सम्मेलनका पूर्व मूल सचिव भक्तराज सुब्बा बुढियाले दियालोका केही चर्चित सम्पादकीयहरू विषयमा कार्यपत्र प्रस्तुत गरेपछि अन्त्यमा साहित्य अकादेमी, नयाँ दिल्लीका उपसचिव डा. एन. सुरेश बाबुद्वारा धन्यवाद ज्ञापन प्रस्तुत भयो, यसैक्रममा आफ्नो भाषा, साहित्य, संस्कार, संस्कृतिको संरक्षण-सम्वर्द्धनको निम्ति युवावर्ग अगाडि आउँन नितान्त आवश्यक छ भन्दै आह्वान गरे। अन्त्यमा, साहित्य सम्मेलनका अध्यक्षबाट दुई दिवसीय संगोष्ठी आयोजनको निम्ति प्रत्यक्ष-परोक्ष सहयोगीहरूमध्ये साहित्य अकादेमीका सचिव डा. के. श्रीनिवासराव, उपसचिव डा. एन. सुरेश बाबु, संयोजक शंकरदेव ढकाल, नेपाली भाषा परामर्श समितिका सदस्यगण विशेषगरी प्रेम प्रधान अनि डा. जीवन नामदुङप्रति आभार अभिनन्दन टक्र्याउँदै संगोष्ठीका विषय चयन अनि शताब्दी समारोहमा लोकार्पण हुने २९ वटा विषयका चयन तथा प्रारूप तयार गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने व्यक्तित्व डा. जीवन नामदुङ रहेको सभालाई अवगत गराए।

दुवै दिन सम्पन्न भएको संगोष्ठीमा उद्घोषणा मूलसचिव महेन्द्रकुमार प्रधानले गरेका थिए। यसका साथै अघिल्लो दिनको उद्घाटन सत्रको अन्त्यमा साहित्य अकादेमी, नयाँ दिल्लीद्वारा प्रकाशित कृतिहरूका लेखक एवं अनुवादकहरूमा डा. जीवन नामदुङ, डा. कृष्णराज घतानी र सतीश रसाइलीद्वारा लिखित पुस्तकहरू लोकार्पण गरियो।

यसका साथै, संगोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्रहरू पुस्तकाकारमा प्रकाशन व्यवस्था गरी शतवार्षिकी समापन समारोहका अवसरमा लोकार्पण गरिने घोषणा गर्दै दुई दिवसीय संगोष्ठी समापन भएको घोषणा गरे भनी सम्मेलनबाट प्रेषित विज्ञप्तिमा जनाएका छन्।